फोन नं.: 9855048897, 9855048899
Email : pmamp.piu.bara@gmail.com
वेभसाइट : piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ, बारा

**(कार्यक्षेत्र: बारा र पर्सा)**

**चैते धानको न्यूनतम समर्थन मूल्यमा धान खरिदका लागि सहकारी संस्था सूचिकृत हुने सम्बन्धी सूचना !**

**सूचना प्रकाशित मिति : २०८३/०३/०८**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, बारा अन्तर्गतको कार्यक्षेत्र बारा र पर्सा जिल्लामा **"न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका-२०७७"** को बमोजिम धान खरिद गर्न इच्छुक सहकारी संस्थाहरुले तपसिल बमोजिमका कागजात तथा विवरणहरु सहित सूचना प्रकाशन भएको मितिले ५ (पाँच) दिन भित्र अर्थात २०८३/०३/१२ गते सम्म कार्यालय समय भित्र कार्यक्रम कार्यान्वयन एकाइ बारामा सुचिकृत गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**सुची दर्ता गर्दा पेश गर्नुपर्ने कागजात तथा विवरणहरु :**

१. सुचि दर्ता गरिपाउँ भनी रु. १०।- को टिकट टाँस गरेको निवेदन ।
२. सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी र संस्थाको स्थायी लेखा नं दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदन ।
४. प्रस्तावना सम्बन्धी कार्य गर्नका लागि आधिकारीक व्यक्ति तोकेको निर्णय र निजको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
६. चैते धान खरिद सम्बन्धमा निम्न बमोजिम विवरण उल्लेख भएको प्रस्तावना

- सहकारी संस्थाको नाम ठेगाना र सहकारी संस्थाको सेयर पुँजी
- सहकारी संस्थाको कारोबार रकम र सहकारी संस्थाको कार्यक्षेत्र
- खरिद गर्न चाहेको धानको परिमाण र किसिम
- चैते धान खरिद गर्न चाहेको स्थानीय तह तथा वडा समेत खुल्ने गरी इच्छुक क्षेत्रको विवरण
- चैते धान खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको श्रोत
- खरिद गरिएको धान भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण
- धान खरिद, ढुवानी, भण्डारण, प्रशोधन एवं बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण
- धान खरिद बिक्रीको लागि आवश्यक पर्ने अन्य विवरण

**नोट : चालु आर्थिक वर्ष २०८२/८३ को लागि १८ प्रतिशतसम्म चिस्यान भएको चैते धानबालीको प्रति क्विन्टल रु. २८५६।४९ न्यूनतम समर्थन मूल्य निर्धारण भएको । १८ प्रतिशतभन्दा बढी चिस्यान भएको चैते धानको हकमा एक प्रतिशत चिस्यानका लागि प्रति क्विन्टल १२०० ग्रामका दरले घटाई हुन आउने तौल कायम गर्ने । धानको भण्डारण सुरक्षा र प्याकेजिङ्ग लगायतका खर्च व्यवस्थापनका लागि प्रति क्विनटल रु. ११२।- (एक सय बाह्र मात्र) रुपैयाको दरले खरिद गरेको चैते धानको परिमाण बमोजिम हुन आउने अनुदान रकम कार्यालयले सहकारी संस्थालाई उपलब्ध गराउने छ ।**

- सम्झौताको समयमा कार्यालयबाट तोकिएका अन्य शर्तहरु

नोट : विस्तृत जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ, बाराको वेबसाइट **www.piubara.pmamp.gov.np** मा वा सम्पर्क नम्बर मोबाईल नं. ९८५५०४५९३६ र सूचना अधिकारीको नं ९८५५०४८८९७ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

कार्यालय प्रमुख

राम बलम प्रसाद साह
वरिष्ठ कृषि अधिकृत